# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

*India's National Spiritual Newspaper*

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAANS

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editor : Bro. Bhuvan Devkoda

Vol. XXI | YEAR OF OUR LORD JESUS CHRIST, 2021 MARCH | No.4


**पवित्र बाइबल**

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

**परमप्रभुको प्रशंसा**

**भजनसंग्रह ४५:१–१०**

१. उत्तम विषयले मेरो हृदय उत्तेजित भएको छ, जसै म राजाको निम्ति गीत गाउँदछु । मेरो जिब्रो सिपालु लेखकको कलम बनेको छ ।

२. तपाईं पुरुषहरूमध्ये सर्वश्रेष्ठ हुनुहुन्छ, तपाईंका ओठ अनुग्रहले अभिषेक भएका छन् किनकि परमेश्वरले तपाईंलाई सदाकालको निम्ति आशिष् दिनुभएको छ ।

३. हे परमशक्तिशाली, आफ्नो कमरमा आफ्नो तरवार भिर्नुहोस् अनि प्रताप र गौरव धारण गर्नुहोस् ।

४. आफ्नो गौरवमा विजयसाथ, सत्यता, नम्रता र धार्मिकताको पक्षमा तपाईंको सवारी होस् । तपाईंको दाहिने बाहुलीले चमत्कारका कार्य प्रदर्शन गरोस् ।

५. तपाईंका तिखा वाणहरूले राजाका शत्रुहरूका मुटु छेडून् । जातिजातिहरू तपाईंका चरणमा झुकून् ।

६. हे परमेश्वर, तपाईंको सिंहासन सदासर्वदाको निम्ति रहिरहन्छ र न्यायको राजदण्ड तपाईंका राज्यको राजदण्ड हुनेछ ।

७. तपाईं धार्मिकतालाई प्रेम गर्नुहुन्छ र अधर्मलाई घृणा गर्नुहुन्छ । यसकारण परमेश्वर, तपाईंका परमेश्वरले तपाईंलाई आफ्ना साथीहरूभन्दा बढ्ता गरेर हर्षको तेलले तपाईंलाई अभिषेक गर्नुभएको छ ।

८. तपाईंका सबै पोशाकहरू मूर्र, एलवा र तेजपातको बास्नाले सुगन्धित छन् । हस्ती हाडले सुसज्जित महलबाट तारको सुरिलो सङ्गीतले तपाईंलाई प्रसन्न तुल्याउँछ ।

९. राजकन्याहरू तपाईंका आदरणीय महिलाहरूमध्येका हुन्, तपाईंको दाहिनेपट्टि ओपीरको सुनका गहना पहिरेकी राजसी दुलही छिन् ।

१०. ध्यान देऊ, हे राजकन्या र कान थापेर सुन, तिम्रा आफन्तहरू र तिम्रा पिताको घरलाई बिर्स ।

# "पश्चात्ताप" गर किनकि स्वर्गको राज्य नजिकै छ

**पश्चात्तापलाई जेसुकै भए पनि तपाईंले आज धेरै मण्डलीहरूमा यो शब्द उल्लेख भएको बिरलै सुन्नुभएको छ–** व्याप्टिस्ट, पेन्टिकोस्टल अथवा इभान्जेलिकल वृत्तमा पनि । हालका दिनहरूमा पास्टरहरूले आफ्नो मण्डली परिवारलाई पापमाथि शोक गर्न– आफ्ना दुष्टताबाट ख्रीष्टलाई चोट पुऱ्याइरहँदा शोक गर्नको निम्ति बिरलै बताउँछन् ।

त्यसको साटो आज हामीले धेरै पुल्पिटबाट सुन्ने गरेका सन्देशचाहिँ "केवल विश्वास गर्नुहोस् । ख्रीष्टलाई स्वीकार गर्नुहोस् र तपाईं बचाइनुहुनेछ" भन्ने हो । यो सन्देशलाई प्रमाणित गर्न प्रयोग हुने खण्डचाहिँ प्रेरित १६:२५-३० हो ।

यो खण्डमा जब प्रेरित पावललाई झ्यालखानामा राखिएको थियो, अचानक पृथ्वी हल्लिएको थियो र सबै कोठाका ढोकाहरू खोलिए । सबै कैदीहरू भागेका थिए भनेर जेलरले तुरुन्तै सोचे, जसको अर्थ उनले दण्डको सामना गर्नुपर्थ्यो । निरासामा उनले आफ्ना तरवार निकाले र आफैंलाई मार्न लागेका थिए । यो कुरा देखेर पावल र सिलासले सबै जना यहीं नै छन् भनेर बताएर उनलाई रोके ।

यो कुरा देखेर त्यो मानिसले प्रेरितहरूको अघि घोप्टो परेर दण्डवत् गरे र सोधे, "... उद्धार पाउन मैले के गर्नुपर्छ ? अनि तिनीहरूले भने, "प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुहोस् र तपाईंले उद्धार पाउनुहुनेछ, तपाईं र तपाईंले" ( प्रेरित १६:३०-३१) ।

जब हामीले यो खण्ड पढ्छौं, जेलर हातमा तरवार लिएर आत्महत्याको संघारमा थिए भन्ने कुरा याद गर्नु महत्वपूर्ण हुन्छ । उनी पहिले नै पश्चात्तापको बिन्दुमा थिए– प्रेरितहरूका अघि आफ्नो घुँडामा, चूर्ण भएर र काम्दै । त्यसैले उनको हृदय साँचो विश्वासमा येशूलाई स्वीकार गर्न साँचो रूपले तयार थियो ।

मर्कूसको सुसमाचारमा ख्रीष्टले आफ्ना चेलाहरूलाई भन्नुभयो, "विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ तर विश्वास नगर्ने दोषी ठहरिनेछ" (मर्कूस १६:१६) । येशूले यहाँ भन्नुभएको

*बाँकी पृष्ठ ३ मा*

ECHO OF HIS CALL
1969-2019 GOLDEN JUBILEE YEAR

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

**OUR MISSION POLICY**

We should expound and teach the contemporary generation the undiluted teachings of the ancient and early Apostles. It is the need of the hour.






*from Editors...*

**CHIEF EDITORS**
Pastor S. Sam Selva Raj
Angeline Selvakumari Henry, M.A., M.Ed.

**MANAGING EDITOR**
Pastor Alex Samson Sam, B.Th.,M.Div.

**ADMINISTRATION**
Bro. N. Prakasam, M.A., General Manager

**EDITORIAL BOARD**
Sis. Jesy Veena Sam
Bro. M. Paulraj, M.A., B.Ed.
Sis. Serena Bevin, M.A., M. Phil., B.Ed.

**Hd. Qrs. CO-ORDINATORS**
Bro. John Rodrigues
Sis. E. Daisy Rani

**ADVISORY BOARD**
Adv. Jose Abraham
Adv. N. Balaji, B.Com., B.L.
Dr. S. Rabinder Boaz, M.S.
Er. C.G.S. Baburao, B.Tech., M.Tech. (DM)
Aud. K. Puratchivendan, M.Com., B.L

**PUBLISHER & PRINTER**
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street
Chepauk, Chennai- 600 005, India.

Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858
E-mail : sam@echoofhiscall.org
biblecor@yahoo.co.in

Websites :
www.echoofhiscall.org
www.echoofhiscall.com

## “नडरा किनकि म तँसँग छु...”
यशैया ४३:५

हाम्रो प्रभु र मुक्तिदाता येशू खीष्टको मीठो नाउँमा तपाईं सबैलाई धेरै प्रेम ।

यी अनिश्चयताको दिनहरूमा पनि हाम्रो प्रभु येशू खीष्टको सुरक्षामा आनन्दित हुनुहुन्छ भनेर हामी आशा गर्दछौं । हामीले तपाईंको निम्ति निरन्तर प्रार्थना गरिरहेका छौं ।

कोभिड-१९ को आक्रमणपछि सम्पूर्ण सांसारिक प्रणालीहरू भत्किएका छन् । सामान्य मानिसको आत्मिक प्रणाली पनि गम्भीर रूपमा भत्किएको छ । मानिसहरू अझ धेरै स्वार्थी, लोभी र अनात्मिक बनेका र जीवनको असुरक्षाको कारण अत्यन्तै ठूलो भयमा छन् । कोरोना महामारीले यति धेरै मानिसहरूको जीवनलाई प्रभावित पारेको छ, सम्पूर्ण संसारको सम्पूर्ण प्रणालीलाई नियन्त्रण गर्ने असीम शक्ति छ भनेर अहिले मानिसहरूले महसुस गर्न थालेका छन् ।

त्यसैले, यो संसारका सम्पूर्ण मानिसहरूका निम्ति प्रार्थना गर्नँ परमप्रभु परमेश्वर येशू खीष्टका छोराछोरीको निम्ति सही समय हो ताकि येशू खीष्ट नै परमप्रभु परमेश्वर हुनुहुन्छ भनेर तिनीहरूले जान्न सकून् । संसारका सारा देशहरूमा भएका मानिस जातिको जीवनमा वास्तविकताको रूपमा सम्पूर्ण सुसमाचार आएको होस् भनेर प्रार्थना गर्नु हाम्रो इमानदार चाहना हुनुपर्छ । सम्पूर्ण मण्डलीले सम्पूर्ण सुसमाचार सम्पूर्ण संसारमा लैजानुपर्छ । पावलले रोमी १५:१९ मा घोषणा गर्छन्, **“...मैले यरूशलेमदेखि लिएर इललुरिकनसम्मै चारैतिर खीष्टको सुसमाचार सम्पूर्ण रूपले प्रचार गरेको छु ।”** अनि २ कोरिन्थी ७:१ मा, **“यसकारण, हे प्रिय हो, हामीसित यी प्रतिज्ञा भएका हुनाले शरीर र आत्माको हरेक किसिमको अशुद्धताबाट हामी आफैंलाई शुद्ध पारौं र परमेश्वरको भयमा पवित्रतालाई सिद्धतातर्फ बढाउँदैजाऔं ।”**

ध्यान दिनुहोस्, हाम्रा सेवकाइहरू असिद्ध प्रकारमा सुसमाचार प्रचार गर्ने वा निश्चित समूहका मानिसहरूलाई मात्रै केन्द्रित हुँदैन । सम्पूर्ण सुसमाचारचाहिँ मरेका कामहरूबाट पश्चात्ताप, परमेश्वरतर्फ विश्वास, बप्तिस्माको सिद्धान्तहरू, हात राख्ने, मरेकाहरूको पुनरुत्थान र अनन्त इन्साफ हो । हिब्रू ६:१,२, **“यसकारण, खीष्टसम्बन्धी प्राथमिक सिद्धान्तहरूलाई छोडेर हामी परिपक्वतातर्फ बढौं । मृत्यसतिर लैजाने कर्महरूबाट पश्चात्ताप, र परमेश्वरमाथिको विश्वासको कुराको जग फेरि नबसालौं । विभिन्न बप्तिस्माहरूसम्बन्धी शिक्षा, हात राख्ने काम, मरेकाहरूको पुनरुत्थान र अनन्त दण्डजस्ता कुराहरूको जग फेरि नबसालौं ।”**

हामी करोडौं मानिसहरूका निम्ति अत्यन्तै बोझ लिएका छौं, जसले जीवित मुक्तिदाता येशू खीष्ट र मुक्तिको बारेमा अझै पनि सुनेका छैनन् । सम्पूर्ण संसारका मानिसहरूप्रति आइरहेको उहाँको अनन्त दण्डको भयानकता र यो सम्पूर्ण संसारमा खीष्टबिनाको जीवनको परिणाम थाहा गर्न परमप्रभु परमेश्वरले हामीलाई दबाब दिइरहनुभएको छ ।

हाम्रा हृदयमा यी कुराहरू राखेर हामीले अनन्त पक्षहरूतर्फ मेहेनेत गरिरहेका छौं किनकि विशेष गरी प्रभु येशू खीष्टका बोलाइएका विश्वासीहरूले यो नष्ट भइरहेको संसारका मानिसहरूको अनन्त जीवनको बारेमा कुनै महत्व दिँदैनन् । परमेश्वरका

मानिसहरूकहाँ आइरहेको परमेश्वरको इन्साफलाई ध्यानमा राख्दै हामीले ठूलो विपरीत शक्ति भए पनि यो संसारका सबै मानिसहरूकहाँ सुसमाचार फैलाउने कोसिस गरिरहेका छौं। हामीले प्रभु येशू ख्रीष्टको निम्ति आफ्ना क्रियाकलापहरूलाई तीव्र पार्न हाम्रा प्रान्तीय संयोजकहरू, सहसम्पादकहरू, संयोजकहरू, आदिलाई उत्साहित पार्ने कोसिस गरेका छौं।

यो अवस्थाको कारण सहायताको निम्ति बोलाइएका मानिसहरूले आफ्नो जिम्मेवारी गुमाइरहेका र बोलावटको प्रतिध्वनिजस्ता वास्तविक सेवकाइहरूलाई सहायता गर्नबाट पछि हटेका हुनाले हामीले एकतिर आर्थिक कठिनाइ सामना गरिरहेका छौं भने अर्कोतिर हामीले सांसारिक प्रणालीहरू र प्रशासनिक कुराहरूमा अवर्णनीय दबाबको सामना गरिरहेका छौं। हामीले यहाँ हरेक कुरा उल्लेख गर्न सक्दैनौं।

त्यसैले, हाम्रा प्रिय मित्रहरू, अन्त्यमा, यी कठिन समयहरूको अवधीमा हाम्रो निम्ति प्रार्थना गरिदिनुहोस्। हामीलाई तपाईंको सहायता र सहयोगी हातहरूको आवश्यकता छ।

ख्रीष्ट येशूमा तपाईंका सेवकहरू

पा. साम सेल्भाराज

---

पृष्ठ २ बाट

कुराबाट प्रष्ट हुन्छ कि उद्धार केवल उहाँमाथि विश्वास गरेर र बप्तिस्मा लिएर मात्रै पाइन्छ।

तैपनि येशूले यो शब्दसँगै आफ्नो भनाइलाई सुरु गर्नुहुन्छः "... सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर" (मर्कूस १६:१५)। सारमा उहाँले भनिरहनुभएको थियो कि मानिसहरूले उहाँमाथि विश्वास गर्नुअघि उनीहरूलाई सबैभन्दा पहिले सुसमाचार सुनाउनुपर्छ। अनि येशूले उल्लेख गर्नुभएको यो सुसमाचार के हो ? यो त्यही सुसमाचार हो, जुन येशू आफैंले प्रचार गर्नुभयो– पश्चात्तापको सुसमाचार !

यसको बारेमा सोच्नुहोस्– येशूले दिनुभएको सबैभन्दा पहिलो सन्देश के थियो, जब उहाँ उजाडस्थानमा भएको परीक्षाबाट निस्कनुभएको थियो ? पवित्रशास्त्रले भन्दछ, "त्यस बेलादेखि प्रचार गर्दै येशूले भन्न लाग्नुभयो, पश्चात्ताप गर किनभने स्वर्गको राज्य नजिकै आइपुगेको छ" (मत्ती ४:१७)।

येशूले मानिसहरूलाई आफूमाथि विश्वास गर्न बोलाउनुभन्दा पनि पहिले तिनीहरूलाई पश्चात्ताप गर्न बोलाउनुभयो। मर्कूसले लेख्छन्, "...परमेश्वरको सुसमाचार प्रचार गर्दै येशू गालीलमा आउनुभयो। उहाँले भन्नुभयो, 'समय पूरा भएको छ र परमेश्वरको राज्य नजिक आइपुगेको छ। पश्चात्ताप गर र सुसमाचारमा विश्वास गर'" (मर्कूस १:१४-१५)। ख्रीष्टले प्रचार गर्नुभयो, "पहिले पश्चात्ताप गर- अनि विश्वास गर।" अन्य कतै येशूले आफ्नो मिसनको बारेमा भन्नुभयो, "...किनकि म धर्मीलाई होइन तर पापीहरूलाई बोलाउन आएँ" -मत्ती ९:१३)। अनि उहाँले गालीलीहरूलाई बताउनुभयो, "म तिमीहरूलाई भन्दछु, त्यसो होइन तर तिमीहरूले पश्चात्ताप गरेनौ भने तिमीहरू सबै त्यसरी नै नाश हुनेछौ" (लूका १३:३)।

येशूको सुसमाचार सम्पूर्ण रूपमा पश्चात्तापको बारेमा थियो !

**बप्तिस्मा दिने यूहन्नाले पनि पश्चात्ताप, ख्रीष्टको आगमनको निम्ति इस्राएलको तयारीको बारेमा प्रचार गरेका थिए।**

यहूदीहरूलाई बप्तिस्मा दिने यूहन्नाको सन्देश सरल र सीधा थियो: "त्यही समय बप्तिस्मा-दिने यूहन्ना यहूदियाको उजाड-स्थानमा आए र यसो भन्दै प्रचार गर्न लागे, "पश्चात्ताप गर किनभने स्वर्गको राज्य नजिक आएको छ" (मत्ती ३:१-२)। यूहन्नाको कुरा सुन्न मानिसहरू हरेक स्थानबाट आए। अनि उनले तिनीहरूलाई स्पष्ट रूपमा बताए: "चाँडै नै मसीह तिमीहरूका बीचमा प्रकट हुनुहुनेछ- त्यसैले तिमीहरू उहाँलाई भेट्न तयार हुनुपर्छ ! तिमीहरूले उत्साहित भएको महसुस गर्न सक्छौ किनकि उहाँ आउँदै हुनुहुन्छ। तर म तिमीहरूलाई भन्दछु, तिमीहरूका हृदय तयार छैन– किनभने तिमीहरूले आफ्ना पापहरू अझै पनि बोकिरहेका छौ !" "बाहिर तिमीहरू सफा र पवित्र देखिएका छौ तर भित्र तिमीहरू पूर्णरूपमा मरेका छौ ! तिमीहरू विषालु सर्पका पुस्ता हौ, जसमा परमेश्वरको भय रत्तिभर पनि छैन। तैपनि तिमीहरू पापीहरू हौ भनेर तिमीहरूमा कुनै धारणा छैन। म तिमीहरूलाई चेतावनी दिन्छु– तिमीहरूले मुक्तिदातालाई विश्वास गर्नु र उहाँलाई पछ्याउनुअघि तिमीहरूले आफ्नो पापसँग सामना गर्नुपर्छ।"

त्यसैले पश्चात्ताप गर, आफ्ना पापबाट फर्क– अनि साँचो परिवर्तन प्रतिबिम्बित गर्ने तरिकामा जिउनुहोस् ! पेन्तिकोसको दिनमा पत्रुसले मानिसहरूलाई कुन सुसमाचार प्रचार गरेका थिए ? बाइबलले हामीलाई बताउँछ कि जब मानिसहरूले प्रेरितले गवाही दिएका कुरा सुने, "... तिनीहरूको हृदय छियाछिया भयो र भने, ए भाइ हो, हामीले के गर्ने ? पत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ" (प्रेरित २:३७-३८)।

पत्रुसले मानिसहरूलाई "विश्वास गर्नुहोस् र बचाइनुहोस्" मात्रै भनेनन्। उनले स्पष्ट रूपमा निर्णय लिन, येशूको निम्ति मत राख्न तिनीहरूलाई सोधेनन्। होइन– उनले तिनीहरूलाई सबैभन्दा पहिले पश्चात्ताप गर्न भने र त्यसपछि ख्रीष्टमा आज्ञाकारीतामा बप्तिस्मा लिन भने ! मार्सहिलमा पावलले एथेन्सका मूर्तिपूजकहरूलाई कस्तो सुसमाचार प्रचार गरे ? उनले अत्यन्तै सीधा तिनीहरूलाई बताए, "...परमेश्वरले... अब हरेक स्थानमा भएका मानिसहरूलाई पश्चात्ताप गर्न आदेश दिनुहुन्छ" (प्रेरित १७:३०)।

यी ग्रीक विद्वानहरूलाई परमेश्वरमाथि विश्वास गर्न कुनै समस्या थिएन। वास्तवमा

तपाईंले भन्न सक्नुहुन्छ, तिनीहरूका रुची "विश्वास गर्ने" थियो । तिनीहरूले धेरै देवहरूमाथि विश्वास गर्थे– पहिले यो एउटा, त्यसपछि अर्को। जहिले-जहिले कसैले विश्वास गर्ने तरिकामा प्रचार गर्दै आउँथ्यो, तिनीहरूले त्यसमा विश्वास गर्थे । त्यसैले तिनीहरूले विश्वास गरे– तर तिनीहरू पापमा जिउँदै गर्दा तिनीहरूले त्यसो गरे। साधारण विश्वास पर्याप्त थिएन !

पावलले यी मानिसहरूलाई बताए, "होइन, होइन– त्यो खीष्ट हुनुहुन्न ! येशू केवल तपाईंहरूको देवहरूको सूचीमा थपिन सक्नुहुन्न । तपाईंले ती सबैमाथि विश्वास गर्न सक्नुहुन्छ तर तपाईंले येशूसँग स्पष्ट रूपमा त्यस्तो गर्न सक्नुहुन्न। उहाँ तपाईंलाई आफ्नो पापबाट बचाउन आउनुभएको छ । अनि उहाँका सम्पूर्ण चेलाहरूलाई उहाँको आज्ञा पश्चात्ताप गर्नु र शुद्ध हुनु हो !" पछि पावलले राजा अग्रिपालाई त्यही पश्चात्तापको सुसमाचार प्रचार गरे, उनले भने, "...स्वर्गीय दर्शनप्रति म अनाज्ञाकारी भइनँ । तर पहिले दमस्कसमा, तब यरूशलेममा र सारा यहूदिया देशभरि रहनेहरूलाई र अन्यजातिहरूलाई पनि पश्चात्ताप गरेर परमेश्वरतिर फर्क र आफ्ना पश्चात्ताप योग्यका काम गर भनेर मैले प्रचार गरें" (प्रेरित २६:१९-२०) ।

पावलले भनिरहेका छन्, "म जहाँ गए पनि मैले पश्चात्ताप प्रचार गरें । अनि साँचो पश्चात्तापले आफ्नो कार्यद्वारा आफैंलाई प्रमाणित गर्दछ !" प्रेरितीय मण्डलीले यूहन्ना र येशूले प्रचार गर्नुभएको सोही सुसमाचार नबिगारीकनै प्रचार गरे भनेर यो खण्डले हामीलाई स्पष्ट पार्दछः "आफ्नो पाप हटाउनको निम्ति पश्चात्ताप गर !"

## पश्चात्ताप गर्नुको अर्थ के हो ?

केही खीष्टियानहरूले पश्चात्तापको अर्थ केवल "फर्कनु" र त्यसको ठीक विपरीत दिशामा जानु भनेर विश्वास गर्छन् । तर पश्चात्ताप योभन्दा पनि धेरै छ भनेर बाइबलले हामीलाई बताउँछ । मैले एक पटक एउटा मानिसले यस्तो भनिरहेको सुनें, "नयाँ करारलाई ग्रीक भाषामा जान्न पाउँदा म अत्यन्तै खुसी छु । यसले 'पश्चात्ताप' भन्ने शब्दलाई अनुवाद गर्दछ, जसको अर्थ 'कुनै व्यक्तिको मन परिवर्तन' भन्ने हो ।"

होइन– यो मानिसलाई ग्रीक भाषा थाहा छैन ! नयाँ करारमा "पश्चात्ताप" भन्ने शब्दको पूर्ण, शाब्दिक अर्थ "परमेश्वरको विरुद्धमा भएको कसैको पापको निम्ति शोक र स्व-दोष महसुस गर्ने, क्षमा माग्नु, दिशा परिवर्तन गर्न चाहनु" भन्ने हो । यहाँ अर्थमा भएको भिन्नता "चाहनु" भन्ने शब्दमा रहेको छ । साँचो पश्चात्तापमा परिवर्तन हुने चाहना समावेश भएको हुन्छ ! साथै, केवल क्षमा माग्दैमा पश्चात्ताप हुँदैन । त्यसको साटो साँचो शोकले पश्चात्तापतिर लैजान्छ। पावलले भन्छन्, "ईश्वरीय शोकले मुक्तिको निम्ति पश्चात्ताप उत्पन्न गर्छ र त्यसमा पछुतो हुँदैन तर सांसारिक शोकले भने मृत्यु उत्पन्न गर्छ" (२ कोरिन्थी ७:१०) ।

पावलले यहाँ पछुतोबिनाको शोकको बारेमा बताइरहेका छन्– त्यो एउटै वास्तविकता, जुन पश्चात्ताप गर्ने मानिसको जीवनमा "टाँसिन्छ।" यस्तो प्रकारको ईश्वरीय शोकले प्राकृतिक रूपमा नै पश्चात्ताप उत्पन्न गर्छ, जसमा पापको निम्ति घृणा, परमेश्वरको धार्मिक भय र सबै गलत कुरालाई सही गर्ने चाहना समावेश भएको हुन्छ। यसले हामीलाई आश्चर्यमा पार्नुहुँदैन, किनकि पावलले विश्वासीहरूलाई पश्चात्तापको बारेमा प्रचार गरे। उनले कोरिन्थमा भएका खीष्टियानहरूका बीचमा पश्चात्तापको बलियो सन्देश बाँडेका थिए । कोरिन्थीका विश्वासीहरू परमेश्वरले अत्यन्तै धेरै आशिष् दिनुभएको, वचनका शक्तिशाली शिक्षकहरूका अधीनमा बसेका मानिसहरू थिए। तैपनि तिनीहरूका मण्डली परिवार पापसँगै च्यातिए ।

सबैभन्दा पहिले पावलले कोरिन्थीहरूलाई गवाही दिए, "साँचो प्रेरितका लक्षणहरूचाहिँ पूरा धैर्यसाथ, चिन्हहरू, चमत्कारहरू र शक्तिका कामहरूद्वारा तिमीहरूका बीचमा प्रकट गरिएका थिए" (२ कोरिन्थी १२:१२) । तर त्यसपछि, पावलले तिनीहरूलाई सीधै भनेका छन्: "म आउँदा मैले इच्छा गरेबमोजिम तिमीहरूलाई नभेट्टाउँला र तिमीहरूले पनि मलाई आफूले इच्छा गरेबमोजिम भेट्टाउँदैनौं कि भन्ने मलाई डर लागेको छ..." (२ कोरिन्थी १२:२०)। पावलको डर के थियो ? त्यो केवल यस्तो थियो: "म फेरि आउँदा मेरा परमेश्वरले मलाई तिमीहरूका सामुन्ने होच्याइदिनुहुनेछ र धेरै जनाका निम्ति मैले शोक गर्नुपर्नेछ, जुनहरूले अघि पाप गरेका थिए र आफूले गरेका अशुद्धता, व्यभिचार र छाडापनबाट पश्चात्ताप गरेका छैनन् होला" (२ कोरिन्थी १२:२१) ।

यो नम्र गोठालोले कोरिन्थमा भएका सम्झौता गरिरहेका सन्तहरूलाई प्रेम गरे । तैपनि पापले भरिएको जीवन गलत थियो भनेर तिनीहरूलाई राम्ररी सिकाइएको थियो भनेर उनलाई थाहा छ । अनि उनले तिनीहरूलाई भने, "जब म तिमीहरूलाई भेट्न

**Statement about ownership and other particulars about the Newspaper Echo of His Call (Nepali) - Form IV**
**(See Rule 8)**

1. Place of Publication : **10, Mohammed Abdullah Street, Chepauk, Chennai - 600 005**
2. Periodicity : **Monthly**
3. Printer, Editor, Owner & Publisher : **S. Sam Selva Raj** (Same Address)
4. Nationality : **Indian**

I **S. Sam Selva Raj**, hereby that the particulars given above are true to the best of my knowledge and belief.

**March 2021** **S. Sam Selva Raj.**

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### प्रशंसाको निम्ति बुँदाहरू

मार्च १९: विगतको महिनामा संचालन भएको हाम्रो मुख्य मण्डलीका सेवकाइका क्रियाकलापहरूमा परमेश्वरले आशिष् दिनुभएको छ ।

मार्च २०: हाम्रो बोलावटको प्रतिध्वनि प्रकाशनमा नयाँ गरी मणीपुरी भाषा समावेश गर्न परमेश्वरले आशिष् दिनुभयो ।

मार्च २१: हाम्रो बाइबलकोर र ईश्वरशास्त्रीय पत्राचार कोर्समा दिनुभएको आशिष्को निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

मार्च २२: परमेश्वरले विगतको महिनामा हाम्रो बोलावटको प्रतिध्वनि सेवकाइहरूमा आशिष् दिनुभयो ।

मार्च २३: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकहरू, विश्वासका साझेदारहरू र जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उनीहरूका परिवारहरूका निम्ति हामी परमप्रभु हाम्रो परमेश्वरलाई प्रशंसा गर्छौं ।

मार्च २४: हाम्रो मण्डलीमा अभिषेकको साथमा नयाँ विश्वासीहरू दिनुभएको निम्ति परमेश्वरको प्रशंसा गरौं ।

मार्च २५: हामीलाई प्रान्तीय संयोजकहरू र उनीहरूका परिवार दिनुभएको निम्ति परमप्रभुको प्रशंसा गरौं ।

मार्च २६: हाम्रो सेवकाइका यात्रामा दिनुभएको आशिष्को निम्ति हामी कृतज्ञतासाथ परमेश्वरको प्रशंसा गरौं ।

मार्च २७: हाम्रा सहसम्पादकहरू र उनीहरूका परिवारका लाभको निम्ति परमेश्वरको प्रशंसा गरौं ।

मार्च २८: हाम्रो छापाखाना र १७ वटा भाषाका छापिने प्रकाशनहरू र मिसनका क्षेत्रमा पठाइँदा दिनुभएको आशिष्को निम्ति परमेश्वरको प्रशंसा गरौं ।

मार्च २९: परमेश्वरले सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा भएको हाम्रो अनलाइन कक्षाहरूमा परमेश्वरले आशिष् दिनुभयो ।

मार्च ३०: हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका शिक्षकहरू र कर्मचारीहरूलाई दिनुभएको आशिष्को निम्ति हामी पूर्णरूपमा परमेश्वरको प्रशंसा गर्छौं ।

मार्च ३१: सन् २०२० मा कोभिड-१९ को बीचमा हाम्रो जीविकोपार्जनको सुरक्षाको निम्ति परमेश्वरलाई प्रशंसा चढाऔं ।

अप्रिल १: कोभिड-१९ महामारीको समयमा परमेश्वरले हाम्रो बोलावटको प्रतिध्वनिका सेवकाइका सम्पूर्ण क्रियाकलापहरूमा परमेश्वरले आशिष् दिनुभयो ।

अप्रिल २: हाम्रो मुख्य मण्डलीका सेवाहरू नियमित रूपमा फेरि संचालन आएको निम्ति परमेश्वरको प्रशंसा गरौं ।

अप्रिल ३: हाम्रो परमप्रभु हाम्रो परमेश्वरले हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई सबै दुष्ट शक्तिहरूबाट बचाइरहनुभएको छ ।

### प्रार्थनाको निम्ति बुँदाहरू

अप्रिल ४: हामीले २०२० मा भेटेका सम्पूर्ण मित्रहरू र विश्वासीहरूलाई आशिष् दिन परमेश्वरसँग हामी प्रार्थना गर्छौं ।

अप्रिल ५: सुसमाचारीय छापाखानाको आशिष्को निम्ति हामीले परमप्रभुमा प्रार्थना गरौं ।

अप्रिल ६: सम्पूर्ण धर्महरूका बीचमा एकताको निम्ति प्रार्थना गरौं ।

अप्रिल ७: परमेश्वरप्रति सारा देशहरूका बीचमा नम्रताको निम्ति इमानदारीपूर्वक प्रार्थना गरौं ।

अप्रिल ८: सम्पूर्ण लागुपदार्थ दुव्यर्सनीहरूले दुर्व्यसनबाट छुटकारा पाऊन् भनेर परमेश्वरमा विनम्रपूर्वक प्रार्थना गरौं ।

अप्रिल ९: हाम्रो मणीपुरी भाषाका सहसम्पादक रेभ. डा. ऋषिकान्ता सोरोखाइबाल र उहाँको परिवारको निम्ति प्रार्थना गरौं ।

अप्रिल १०: हाम्रो अङ्ग्रेजी भाषाका सहसम्पादक भाइ एम. पावलराज पूर्णरूपमा निको हुन र शान्त जीवनमा अगुवाइ हुन प्रार्थना गरौं ।

अप्रिल ११: संसारबाट चाँडै नै कोरोना भाइरसको उन्मूलनको निम्ति समर्पित रूपमा प्रार्थना गरौं ।

अप्रिल १२: हाम्रो संस्था, सम्पूर्ण कर्मचारी र उनीहरूका परिवारहरूका लाभको निम्ति परमेश्वरसँग प्रार्थना गरौं ।

अप्रिल १३: यो वर्षको खर्च र त्यसमाथि परमेश्वरको हातको निम्ति प्रार्थना गरौं ।

अप्रिल १४: उत्तर भारतमा रहेका हाम्रा मिसनरीहरू र उनीहरूका भलाइको निम्ति प्रार्थना गरौं ।

अप्रिल १५: हाम्रो सुसमाचारीय छापाखानालाई सुरक्षित र सफा राख्न परमेश्वरमा प्रार्थना गरौं ।

अप्रिल १६: सेवकाइमा सम्पूर्ण मिसनरीहरू र विश्वासीहरू एकतामा खडा हुनको निम्ति प्रार्थना गरौं ।

अप्रिल १७: हरेक मार्ग र तरिकामा हाम्रो सेवकाइको वृद्धिको निम्ति प्रार्थना गरौं ।

अप्रिल १८: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारका सदस्यहरूलाई सम्पूर्ण प्रकारका दुष्ट शक्तिहरूबाट सुरक्षित रूपमा जिउन सकून् भनेर हामीले प्रार्थना गरौं ।

पृष्ठ ४ बाट

आउँछु, तिमीहरूले मलाई शोकमा आफ्नो टाउको झुण्ड्याइरहेको देख्न लागेका छौ । मेरा आँखाहरूले आँशु बहाउनेछ र मेरो आवाज शोकमा डुब्नेछ । तिमीहरू अशुद्धता, व्यभिचार र छाडापनमा निरन्तर रहिरहेको मैले देखें भने म पूर्णरूपमा चूर्ण हुनेछु– किनभने सुसमाचारले तिमीहरूको हृदयमा काम गरेको छैन । तिमीले आफ्नो पापको निम्ति पश्चात्ताप गरेका छैनौ । अनि म तिमीहरूलाई ठूलो सोरमा पश्चात्ताप गर्न लगाउनेछु !"

## पावलका यी वचनहरूले मलाई शर्ममा पारेको छ !

जब म पावलका यी शब्दहरू पढ्छु, मैले आफ्नै सेवकाइलाई जाँच गरिरहेको मैले आफैंलाई पाउँछु । अनि मैले सोध्नुपर्छ, "के मैले येशूले प्रचार गर्नुभएको सुसमाचारलाई छोटो बनाएको छु– पश्चात्तापको सुसमाचार ? के मैले आफ्नो बाइबलमा महत्वपूर्ण रूपमा कैंची चलाएको छु र ख्रीष्टलाई पछ्याउने उच्च मोललाई हटाएको छु ? के मैले 'केवल विश्वास गर्नुहोस् र बचाइनुहोस्' भनेर मानिसहरूलाई बताएर उहाँको मापदण्डलाई कमसल बनाइरहेको छु ?"

जब म आज मण्डलीलाई लिन्छु, म अचम्ममा पर्छु: के हामी सुसमाचार प्रचारकहरूले बाइबलीय "ईश्वरीय शोक" लाई साँचो पश्चात्तापको प्रमाणको रूपमा जोड दिन्छौं ? अथवा के हामीले झुटो शान्तिमा पश्चात्ताप नगरेकाका मानिसहरूको भीडलाई अगुवाइ गरिरहेका छौं ? परमेश्वरलाई केवल "म तपाईंमा विश्वास गर्छु, येशू" भन्न मात्रै आवश्यक छ भनेर के हामीले गलत प्रकारले तिनीहरूलाई निर्देशन दिइरहेका छौं ? पापको निम्ति साँचो दोष स्वीकारलाई के हामीले छोटो बनाइरहेका छौं ? वास्तवमा पश्चात्ताप नगरेका– आफ्ना अपराधहरूमाथि शोक नगरेका, आफ्ना पापको अत्याधिक पापमय कुरालाई नदेख्ने, विश्वास चाहना गर्ने ताकि तिनीहरूले त्यसको पछाडि आफ्ना छाडापना स्पष्ट रूपमा लुकाउन सकून्, के तिनीहरूलाई हामीले मुक्ति प्रस्ताव गरिरहेका छौं ?

विभिन्न सेवकाइहरूद्वारा येशूस्मा आइरहेका मानिसहरूका सङ्ख्याको बारेमा हामीले निरन्तर अत्यन्तै बढाइचढाइ गरिएको कुरा सुनेका छौं । ख्रीष्टियानहरूले भन्यालखानाहरू, स्कुलहरू, जातीय भेटघाटहरूमा प्रचार गर्दा धेरै सङ्ख्याका मानिसहरू बचाइएका थिए भनेर उनीहरूले प्रतिवेदन दिन्छन् । तिनीहरूले भन्छन्, "त्यो स्थानमा भएका हरेक जनाले येशूलाई ग्रहण गरे । जब मैले प्रचार सुनाएँ, तिनीहरू सबै जना मुक्तिको निम्ति अगाडि आए ।"

होइन, यो नराम्रो तरिकाले गरिएको बढाइचढाइ हो ! सबै स्थानमा प्रायः वास्तवमा हुने कुराचाहिँ हरेक जनाले केवल प्रार्थनालाई दोहोऱ्याउँछन् । तिनीहरूले स्पष्ट रूपमा तिनीहरूलाई बताइएको प्रार्थना दोहोऱ्याउँछन्– अनि तिनीहरूले भनेका कुरा तिनीहरूमध्ये थोरैले मात्रै लिएका हुन्छन् । त्यसपछि तिनीहरूमध्ये धेरै जना आफ्नै सांसारिक मार्गमा फर्केर जान्छन् ! यस्ता मानिसहरूले पवित्र आत्माको गहन कार्य अनुभव कहिल्यै गर्दैनन् । परिणामस्वरूप, तिनीहरूले कहिल्यै पश्चात्ताप गर्दैनन्, कहिल्यै आफ्ना पापको निम्ति शोक गर्दैनन् र कहिल्यै साँचो विश्वासी हुँदैनन् । दुर्भाग्यवश, हामीले तिनीहरूलाई केही कुरा प्रस्ताव गरेका छौं, जुन येशू ख्रीष्ट आफैंले कहिल्यै पश्चात्तापबिना मुक्ति प्रदान गर्नुभएको छैन !

मण्डलीले स्वीकारभन्दा बाहिर भावना राखेको छ भनेर म विश्वास गर्छु । यसको बारेमा विचार गर्नुहोस्– बचाइएका मानिसहरूको गालामा तपाईं आँशुहरू बिरलै देख्नुहुन्छ । निश्चय नै, आँशुले कसैलाई पनि बचाउँदैन । तर परमेश्वरले हामी सबै मानिस जातिलाई साँचो भावनाको साथमा बनाउनुभयो । अनि पवित्र आत्माले चलाइएको नरकमा जानुपर्ने कुनै पापी मानिसले प्राकृतिक रूपमा आफूले परमप्रभुलाई शोक दिएको कुराहरूमाथि अत्यन्तै शोकको महसुस गर्छ ।

प्रेरित पत्रुसले यस्तो प्रकारको ईश्वरीय शोकको महसुस गरे, जब उनले येशूलाई इन्कार गरे । अचानक, येशूले उनलाई के भन्नुभएको थियो भन्ने सम्झना उनलाई आएको थियो: "पत्रुसलाई येशूले यसो भन्नुभएको कुरा सम्झना भयो, भाले दुई पल्ट बास्न अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ । अनि त्यस कुरालाई सम्झेर तिनी धुरुधुरु रोए" (मर्कूस १४:७२) । जसै पत्रुसले यी वचनहरू सम्झे, उनी भावनाले भरिए ।

प्रियहरू, हामीले आफ्नो शरीरमा त्यस्तो प्रकारको पश्चात्तापको निम्ति काम गर्न सक्दैनौं । पवित्र आत्माले मात्रै हामीलाई प्रकट गर्न सक्नुहुन्छ, हामीले पत्रुसजस्तै हाम्रो प्रेमिलो मुक्तिदातालाई घाइते बनाएका छौं । अनि त्यो प्रकाशले हामीलाई गहिरो शोकले भर्नुपर्छ ! प्यूरीटान लेखकका सबै सिद्धान्तहरूसँग म सहमत हुन्नँ तर पवित्रतामाथि तिनीहरूको जोडलाई म प्रेम गर्छु । यी परमेश्वरका प्रचारकहरूले आफ्ना प्रवचनहरूलाई "गहन जोताइ" भन्छन् । तिनीहरूका स्रोताहरूका हृदयको माटो गहन रूपले नजोतेसम्म तिनीहरूले विश्वासको बिउ छर्न सक्दैनन् भनेर तिनीहरूले विश्वास गर्छन् ।

त्यसैले, प्यूरीटानहरूले आफ्नो प्रचारलाई गहन, आफ्ना स्रोताहरूको प्राणलाई भूइँमा लडाउने प्रकारको छ भनेर निश्चय गर्थे । तिनीहरूका मण्डली परिवारमा तिनीहरूका प्रवचनहरूले साँचो पश्चात्ताप उत्पन्न गर्थ्यो । अनि त्यसको साटो केही वर्षपछि यसले

## प्रेमिलो अनुरोध

तपाईं सबैलाई थाहै छ, कर्मचारीको तलब, कागज खरिदको खर्च र यात्रा खर्चजस्ता विभिन्न आवश्यकताहरू पूरा गर्न हामीलाई निकै कठिन भएको छ । सामान्यतया: हामीले आफ्ना आर्थिक आवश्यकताहरू पूरा गर्न अरूलाई कहिल्यै भन्दैनौं । तर यो सेवकाइलाई साँचो रूपमा प्रेम गर्ने व्यक्तिहरूलाई आफ्ना भेटीहरू, मनी अर्डर, चेक वा डिमान्ड ड्राफ्ट, फोनपे, निफ्ट वा अन्य कुनै तरिकाहरूबाट पठाउन र यो सेवकाइमा हामीलाई सहायता गर्न आग्रह गर्दछौं । परमप्रभुले निश्चय नै तपाईंलाई आशिष् दिनुहुनेछ ।

**-सम्पादक, बोलावटको प्रतिध्वनि**

प्रख्यात कवि जोन मिल्टनजस्ता बलियो, परिपक्व, विश्वासयोग्य ख्रीष्टियानहरू उत्पादन गर्थ्यो । तापनि आज धेरै प्रचारहरू बिना जोताइको बिउ छर्नेजस्तो भएको छ । मैले हालैका केही प्रवचनहरू सुनेको छु, जसले गहिरो खन्नेभन्दा पनि माथि मात्रै खनेको छ । गहन जोताइले पापको रोगलाई सम्बोधन मात्रै गर्दैन, त्यसले रोगको कारणलाई पनि उखेल्ने काम गर्छ ।

हामीले सुन्ने धेरै प्रचारकहरूले रोगको कारण बन्छ । आज हामीले सुन्ने धेरै प्रचारहरू समाधानमा केन्द्रित हुन्छ, जबकि त्यसले रोगलाई बेवास्ता गरिरहेको हुन्छ । यसले बिना कुनै सर्जरी सिफारिस प्रदान गर्छ !

दुर्भाग्यवश, हामीले मानिसहरूलाई पापबाट निको भएका छन् भनेर सोच्ने बनाउँछौं, जबकि तिनीहरू रोगी थिए भनेर तिनीहरूलाई कहिल्यै थाहा थिएन । हामीले तिनीहरूमाथि धार्मिकताको पोशाक लगाइदिएका छौं, जबकि तिनीहरू नाङ्गा थिए भनेर तिनीहरूलाई कहिल्यै थाहा थिएन । हामीले तिनीहरूलाई ख्रीष्टमाथि भरोसा गर्न बिन्ती गर्छौं, जबकि तिनीहरूले भरोसा गर्नुपर्छ भनेर तिनीहरूलाई थाहा छैन । यस्ता मानिसहरूले अन्त्यमा यसरी सोचिरहेका हुन्छन्, "मेरो जीवनमा येशूलाई थप्दा त्यसले मलाई हानि गर्न सक्दैन ।" शक्तिशाली अङ्ग्रेजी प्रचारक सी.एस. स्परजनले पश्चात्तापको निम्ति भएको आवश्यकताको बारेमा तल यसरी भने:

"शोकपूर्ण शर्म अझै पनि अस्तित्वमा छ भनेर म विश्वास गर्छु, तैपनि मैले यसको बारेमा हालै धेरै सुनेको छैनँ । हालका दिनहरूमा मानिसहरू विश्वासमा अत्यन्तै छिटो फाल हानेको देखिन्छ... मेरो पुरानो मित्र पश्चात्ताप मरेको छैन भनेर म आशा गर्छु । म पश्चात्तापसँग गहन रूपमा प्रेममा परेको छु, योचाहिँ विश्वासको जुम्ल्याहा दिदीबहिनीजस्तो देखिन्छ । सुख्खा आँखा भएको विश्वासको बारेमा म आफैंलाई धेरै कुरा थाहा छ, म ख्रीष्टकहाँ रुवाइको मार्गबाट– क्रूसबाट आएको थिएँ भनेर मलाई थाहा छ... जब म विश्वासद्वारा कलवरीमा आएँ, त्योचाहिँ ठूलो रुवाइ र निवेदन, मेरा अपराधहरू स्वीकार गर्दै र येशूमा र येशूमा मात्रै मुक्ति पाइने चाहनाको साथमा थियो ।"

## जब हाम्रो मण्डली स्थापना भएको थियो, हामी पास्टरहरूले पहिलो केही वर्षको निम्ति व्यवस्था प्रचार गरेका थियौं

हाम्रो मण्डलीमा हामीले किन धेरै समय व्यवस्था प्रचार गरेका थियौं ? हामीले त्यसो गरेका थियौं किनभने हाम्रो मण्डलीमा भएका धेरै जनाले आफैंलाई ख्रीष्टियान भनेर बताउने– तर आफ्नो जीवनमा त्यो प्रतिबिम्बित गर्दैनथे ! ती सुरुवाती वर्षहरूमा धेरै मानिसहरू हरेक सेवाको अन्त्यमा वेदीको अगाडि आउँथे । तिनीहरूले पास्टरीय प्रार्थना दोहोऱ्याउँथे र "विश्वासद्वारा मुक्तिलाई ग्रहण गर्थे ।" तैपनि तीमध्ये धेरै मानिसहरूले कहिल्यै पनि आफ्ना पापको निम्ति कुनै पनि दोष्याइलाइ महसुस गरेनन् । तिनीहरूले ईश्वरीय शोक महसुस गरेनन्– अनि त्यसैले तिनीहरूका जीवनले साँचो पश्चात्ताप प्रकट गरेन ।

कपटीपूर्ण रूपले आइतवार पश्चात्ताप गर्ने थिएटरको कलाकारले ख्रीष्टलाई घोषणा गर्छ तर हप्ताका अन्य समयको प्रदर्शनीमा आफ्ना ईश्वरनिन्दमा फर्केर जान्छ । समलिङ्गीहरूले मुक्तिको निम्ति प्रार्थना गर्छ तर अझै आफ्नो पापमय जीवनशैलीमा रहिरहन्छ । अर्को व्यक्तिले वेदीमा येशूलाई घोषणा गर्छ तैपनि आफ्ना व्यभिचारमय सम्बन्ध, व्यभिचार र लागुपदार्थको प्रयोगलाई निरन्तरता दिन्छ । त्यसकारण हामीले पुल्पिटबाट स्वीकारलाई जोड दिएका थियौं ! हाम्रो पास्टरीय समूहलाई उहाँको वचनप्रति भएका सम्पूर्ण पाप, विद्रोह र अनाज्ञाकारीता प्रकट गर्न पवित्र आत्माले हामीलाई अगुवाइ गर्नुभयो । हामीले यति तातो गरी नरकको बारेमा प्रचार गऱ्यौं, मानिसहरू खडा भए र हाम्रो सेवालाई छोडेर गए । अनि हामीले स्वर्गको बारेमा यति वास्तविक रूपमा प्रचार गऱ्यौं, ख्रीष्टको पवित्रताको अचम्मको वास्तविकतामा सम्झौता गर्नेहरू कामे ।

व्यवस्थाको बारेमा हाम्रो प्रचार त्यो समयमा अत्यन्तै आवश्यक थियो । त्यो परमेश्वरको ऐना हो, जसले हरेक लुकेका, गोप्य कुरालाई प्रकट गरिरहेको छ । अनि यस कुराले हाम्रो मण्डलीमा भएका मानिसहरूलाई पापको अत्याधिक पापमयताको चेतनामा ल्याएको थियो । जबकि केही मानिसहरू भागे, अन्य मानिसहरूचाहिँ साँचो पश्चात्तापतिर अगाडि भागे । तीमध्ये एक जना डेभिड डेभिस भन्ने नाम भएका अत्यन्तै राम्रो आवाज भएका कलाकार थिए । उनले साँचो पश्चात्तापमा येशूमा आफैंलाई पूर्णरूपमा समर्पित गरे । अनि आज उनी र उनको पत्नीले इस्राएलको सफल मण्डलीलाई चलाउनुहुन्छ, जहाँ उहाँहरूले करिब दश वर्षदेखि ख्रीष्टलाई प्रचार गर्नुभएको छ ।

हाम्रो मण्डलीमा पश्चात्तापको साँचो कार्यले आफ्नो उद्देश्य पूरा गरिहेको थियो, त्यसपछि पवित्र आत्मो हामीलाई अनुग्रहको महिमा प्रचार गर्न अगुवाइ गर्नुभयो । हामीले नयाँ करार, पवित्र आत्माद्वारा पापमाथि शक्ति, विश्वासद्वारा हिँडाइको विषयमा सिकायौं । छोटकरीमा हामीले सन्तहरू निर्माण गर्न सुरु गऱ्यौं । त्यो सम्पूर्ण अनुभवद्वारा व्यवस्था मात्रै प्रचार गर्दा र पापमा मात्रै प्राथमिक रूपमा केन्द्रित भइरहँदा हुने खतराको बारेमा पनि पत्ता लगाउका थियौं । मानिसहरूलाई यो मात्रै सन्देशको आहार दिइने हो भने तिनीहरूले आशा गुमाउन सुरु गर्छन् र निरासामा सोच्न थाल्छन्, "म कहिल्यै त्यो नापमा पुग्न सक्दिनँ ।" तिनीहरूले आशाको निम्ति क्रूसमा हेर्नुभन्दा पनि निरन्तर आफैंभित्र हेर्छन् ।

तैपनि जब मण्डली परमप्रभुको हो, यसलाई आवश्यक भएअनुसार यसले व्यवस्थाको सन्देश ल्याउन परमेश्वरको आत्मामाथि भरोसा गर्न सक्छ । येशूले आफ्ना मानिसहरूलाई "सजिलो विश्वासवाद" मा हराइरहेको देख्नुहुन्छ, उहाँले सारा कृपा र अनुग्रहको साथमा तिनीहरूमाथि व्यवस्थाको कोर्रा फेरि एक पटक ल्याउनुहुनेछ । तपाईंले देख्नुहुन्छ, पश्चात्ताप एउटा समयको अनुभव होइन । यो एक पटक मात्रै आउने आँधीबेहरी होइन र त्यसपछि त्यो सदाको लागि जान्छ । नता हामीले अभावको समयमा मात्रै

पश्चात्तापको अनुभव गर्छौं र त्यसपछि हाम्रो बाँकी रहेको जीवनमा त्यसको बारेमा बिरलै कुराकानी गर्छौं । होइन, पापको निम्ति शोक भएको कुरा हाम्रो निरन्तरको शिक्षक हुनुपर्छ !

स्परजनले गवाही दिएका छन्, "म स्वतन्त्रपूर्वक स्वीकार गर्दछु कि जब म तीस वर्षभन्दा अझै अघि मुक्तिदाताकहाँ आएको थिएँ, आज त्यो भन्दा धेरै मसँग पापको निम्ति शोक छ । जब म दोषको अधीनमा थिएँ, अहिले त्योभन्दा अधिक गहन रूपमा म पापलाई घृणा गर्दछु: मैले अहिले पापको बारेमा जानेको भन्दा त्यो बेलामा मलाई पापको बारेमा केही कुराहरू थाहा थिएन । जब म ख्रीष्टकहाँ सबैभन्दा पहिले आएको थिएँ, अहिले त्योभन्दा धेरै मेरो आफ्नो हृदयको दुष्टताको भावप्रति बलियो छु । पापको निम्ति भएको शोक निरन्तरको वर्षा, मीठो, नरम धुवाइ हो, जुन साँचो रूपमा बचाइएको मानिसको जीवनमा अन्त्यसम्मै रहन्छ । उसले पाप गरेको छ भनेर उसले सधैं शोक गर्दछ । सबै पाप नहटेसम्म उसले त्यसको निम्ति शोक गर्न कहिल्यै रोकिनेछैन ।"

## येशूले एफिससको मण्डलीलाई केही कुरा भन्नुभयो, जसले मलाई भयभित बनाएको छ !

तपाईंले प्रकाशको पुस्तक २ अध्यायमा यूहन्नाले उल्लेख गरेका सात मण्डलीहरूलाई सम्झनुभएको छ होला । तीमध्ये एउटा एफिससको मण्डली हो, जसलाई येशूले उच्च रूपमा प्रशंसा गर्नुभयो । हाम्रो मण्डली पनि एफिससको मण्डलीजस्तै भएको सोच्न मलाई मन पर्छ । विश्वासीहरूको त्यो देहले संसारको सबैभन्दा धेरै जनसङ्ख्या भएको सहरमा मेहेनेत गरेको थियो, दुष्टताको बीचमा पनि कहिल्यै हरेस खाएन । मानिसहरू बलिदानात्मक रूपमा रहे, पापलाई घृणा गरे र झुटा सिद्धान्तहरू स्वीकार गर्न इन्कार गरे । तिनीहरू विश्वासमा बलियो रूपमा खडा भए, शैतानले तिनीहरूका जीवनमा जस्तोसुकै परीक्षा फ्याँके पनि तिनीहरूले आफ्ना सारा हृदयले परमेश्वरलाई प्रेम गरिरहे ।

तैपनि यी मानिसहरूका बीचमा केही कुरा कमी भएको थियो भनेर ख्रीष्टलाई थाहा छ । अनि उहाँले यो मण्डलीलाई अत्यन्तै प्रेम गर्नुभयो, यो देशहरूको त्यस्तो चहकिलो ज्योति भएको थियो । उहाँ त्यसै बस्न र त्यसलाई मर्न दिन लाग्नुभएको थिएन । त्यसैले उहाँले एफिसीहरूलाई भन्नुभयो, "तर तिम्रा विरुद्धमा मसित यो कुरा छ कि तिमीले तिम्रो पहिलो प्रेम त्यागिदिएका छौ" (प्रकाश २:४) । येशूले भनिरहनुभएको थियो, "तिम्रो आगो बाहिर निस्किरहेको छ ! मेरो निम्ति भएको प्रेमले एक पटक उत्साहित गरेका तिम्रो विश्वासयोग्यता कम भइरहेको छ । तिमीहरूले एक पटक हराएकाहरूका निम्ति मेरो बोझ बोकेका थियौ– तर अहिले तिमीहरू स्पष्ट रूपमा सन्तुष्ट भएर बसेका र प्रवचनहरू सुनिरहेका छौ । तिम्रो व्यक्तिगत चासोमा तिमीहरू पूर्णरूपमा संलग्न बनेका छौ र तिमीले मलाई बेवास्ता गरिरहेका छौ । तिमीहरू एक पटक खडा भएको स्थानबाट तिमीहरू खसेका छौ !"

येशूले तिनीहरूलाई भन्नुहुन्छ, "यसकारण, याद राख, तिमीहरू कहाँबाट खसेका छौ... (पद ५) । उहाँले भनिरहनुभएको छ, "फेरि सोच ! तिमीहरू मेरो घरमा आउने चाहना गर्थ्यौ, मेरा सन्तहरूसँग रहने चाहना गर्थ्यौ, मेरो बोझ बोक्थ्यौ । तर अहिले आइतवार बिहानको समय तिमीहरूलाई प्रशस्त हुन्छ !" त्यसैले प्रिय ख्रीष्टियान के तपाईं अझै पनि येशूको निम्ति जोशिलो हुनुहुन्छ ? जब तपाईं सबैभन्दा पहिले बचाइनुभएको थियो के तपाईं त्यस्तो उत्कट चाहनाले उहाँसँगको प्रेममा हुनुहुन्छ ? अथवा के तपाईंले सबै सेवकाइलाई त्यागर्दै उहाँका चासोहरूमा रुचि गुमाउनुभएको छ ? के तपाईंको जीवनमा के तपाईंलाई अत्यन्तै केही भएको छ ? छ भने परमप्रभुले तपाईंलाई भन्नुहुन्छ, "तिम्रो विरुद्धमा मसँग केही छ । तिमीले आफ्नो पहिलो प्रेम त्यागेका छौ !"

यो बिन्दुमा येशूले हामीलाई भन्नुभएको कुरा सुन्नुहोस्: "...पश्चात्ताप गर अनि तिमीले पहिलेका काम गर..." (सोही पद) । उहाँले भनिरहनुभएको छ, "तिमीहरूमा वृद्धि भइरहेको अल्छीपनामाथि शोक गर । पश्चात्ताप गर– त्यसलाई गम्भीर रूपमा लेऊ । त्यसपछि तिम्रो शोकले तिमीलाई तिमीले मलाई सबैभन्दा पहिले प्रेम गरेको कुरातिर लैजान्छ !" त्यसपछि ख्रीष्टले हामीलाई वचन दिनुभएको छ, जुन हामीले अत्यन्तै धेरै ध्यान दिनुपर्छ भनेर हामीलाई थाहा हुन्छ । उहाँले भन्नुहुन्छ, "...नत्रता..." (सोही पद) । उहाँले तुरुन्तै परिणाम बताउनुहुन्छ, "...म तिमीकहाँ आएर तिमीले पश्चात्ताप गरेनौ भने तिम्रो सामदान त्यसको ठाउँबाट हटाउनेछु..." (सोही पद) ।

हामीले पश्चात्ताप नगरेसम्म येशूले हामीलाई दिइएका सम्पूर्ण आत्मिक अधिकारी हटाउन लाग्नुभएको छ भनेर येशूले यहाँ भनिरहनुभएको छ । यसभित्र हाम्रो सहर, समुदाय, छिमेक, प्रभावको हाम्रो क्षेत्रमा पनि समावेश हुन्छ । हामीसँग भएको हरेक प्रभाव हामीबाट लिइनेछ, उहाँले भन्नुहुन्छ, "तिमीले पश्चात्ताप नगरेसम्म !" अहिले नै संसारभरि भएका मण्डलीहरूले आफ्ना ढोका बन्द गरिरहेका छन् । तिनीहरूका ज्योति शाब्दिक रूपमा निभाइएका छन् किनभने पश्चात्ताप गर्न इन्कार गरेको निम्ति त्योचाहिँ तिनीहरूमाथि आइलागेको न्याय हो ! तिनीहरूले आफ्नो न्याय, आत्मिक आशिष्, आर्थिक अवस्था र उहाँको उपस्थिति गुमाउनेछन् भनेर परमेश्वरले भन्नुहुन्छ । अब तिनीहरू मरेका, जीवनहीन भएका छन्, केवल तिनीहरूसँग उहाँका विगतका आशिष्को सम्झना मात्रै छ ।

तीस वर्षअघि मैले यस्ता धेरै मण्डलीहरूमा प्रचार गरें । त्यो समयमा तिनीहरू जोशिला विश्वासीहरूका साथमा भरिएका थिए । आज कुर्सीहरूमा बिरलै एक दर्जन मानिसहरू बस्छन् । चाँडै नै तिनीहरू केही पनि नभएको कुरामा घट्ने छन् र तिनीहरूका ढोका भलाइको निम्ति बन्द हुनेछ । परमेश्वरले तिनीहरूका ढोकामा "इकाबोद" लेख्नुहुन्छ, जसको अर्थ "परमप्रभुको आत्मा गइसक्नुभएको छ" भन्ने हो ! तापनि, प्रियहरू, परमेश्वरले यो सन्देश हरेक ख्रीष्टियानलाई व्यक्तिगत रूपमा दिनुहुन्छ । उहाँ भन्नुहुन्छ, "तिमीले पश्चात्ताप गर्न इन्कार गर्छौ– तिमी आफ्नो अल्छीपनामा रहन्छौ भने– म तिम्रो सामदान हटाउनेछु । तिम्रा परिवार, तिम्रा सहकर्मीहरू– कोहीसँग पनि भएको प्रभाव रहनेछैन !" ठीक यही कुरा एफिससको मण्डलीमा भएको छ । वास्तवमा १००० वर्षदेखि परमेश्वरले धैर्यतापूर्वक त्यो मण्डलीले



# खाडलबाट दरबार

**(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)**

**"जसले पढ्छ, त्यसले बुझ्नोस्" (मत्ती २४:१५)।**

इसहाकले बानीनाली लगाए र त्यही साल तिनले सय गुणा कटनी गरे, परमेश्वरले तिनलाई आशिष् दिनुभयो (उत्पत्ति २६:१२)।

साल १९६९ देखि परमेश्वरले हामीलाई बोलावटको प्रतिध्वनिद्वारा साहित्यको सेवकाइ र मण्डली स्थापना गर्न प्रयोग गरिरहनुभएको थियो। प्रभु येशू ख्रीष्टको सुसमाचार प्रचार गर्न हामीले ठूलो सङ्ख्याका अगुवाहरूलाई तयार गरेका थियौं।

साल १९८० देखि बाइबलकोर नाम भएको बाइबल पत्राचार कोर्स सुरु गर्न परमप्रभुले हामीलाई सक्षम बनाउनुभएको थियो। हामीले भारतभरि भएका गैह्र-ख्रीष्टियानबाट हामीले ठूलो प्रतिक्रिया प्राप्त गऱ्यौं किनकि हामीले कोर्स अङ्ग्रेजी, तामिल र हिन्दीमा संचालन गरेका थियौं। हामीले हरेक दिन विद्यार्थीहरूका निम्ति धेरै कोर्स पुस्तकहरू वितरण गरेका थियौं। त्यसैले, परमप्रभुमा विश्वासद्वारा हामीले करिब ३०,००० प्रतिहरू प्रकाशनको निम्ति अर्डर दियौं। सोहीअनुसार एक दिन सबै पुस्तकहरू प्रकाशित भए र हामीलाई हस्तान्तरण गरिएको थियो।

तर हाम्रो कार्यालय भवनका मालिकले हाम्रो कार्यालयमा ती पुस्तकहरू राख्न अनुमति दिन अस्वीकार गरे किनकि उनी ख्रीष्टियान कार्यको बिस्तारको बारेमा खुसी थिएनन्। हामीले भाडामा ती पुस्तकहरू स्टोर गर्ने स्थान पाउन केही स्रोतहरूमा कोसिस गऱ्यौं। तर हाम्रा सबै प्रयासहरू व्यर्थै गयो। हाम्रा निम्ति मार्ग खोलिदिन हामीले परमप्रभुसँग प्रार्थना गरिरहेका थियौं।

अचानक परमप्रभुले हामीलाई रामालिङ्गम र मद्रासकी उहाँकी श्रीमति सरल सरस्वतीसँग भेट गराउनुभयो। ती पाठ्यपुस्तक सुरक्षित रूपमा स्टोर गर्ने स्थानको आवश्यकताको बारेमा बताउन प्रभुले हामीलाई अगुवाइ गर्नुभयो। परमेश्वर उहाँहरूसँग बोल्नुभयो र उहाँको घरमा ती सबै पुस्तकहरू राख्न हामीलाई अनुमति दिन उहाँहरू खुसीसाथ आउनुभयो। हामी उहाँको घरमा जान्थ्यौं र हामीलाई आवश्यक परेअनुसारका पुस्तकहरू निकालेर ल्याउँथ्यौं। परमेश्वरले विशेष तरिकामा त्यो परिवारलाई वास्तवमै आशिष् दिनुभयो।

अहिले परमप्रभुले हाम्रो स्कुलको निम्ति पनि भवन दिएर हामीलाई आशिष् दिनुभयो साथै कुनै पनि सङ्ख्याका पुस्तकहरू राख्ने पर्याप्त स्थानको साथमा हाम्रो आफ्नै बाइबल कलेजको निम्ति पनि अलग्गै भवन दिनुभयो। परमेश्वरले हामलिाई छापाखाना पनि दिनुभयो, जहाँबाट हामीले विभिन्न भाषाहरूमा सुसमाचारका हजारौं साहित्यहरू छाप्छौं, स्टोर गर्छौं र देशका विभिन्न भागहरूमा ती वितरण गर्छौं। त्यसैले, परमप्रभुले हाम्रो आँश देख्नुभएको छ र हाम्रा प्रार्थनाका जवाफहरू दिनुभएको छ।

प्रिय पाठकहरू, प्रभु येशू ख्रीष्ट अझै पनि जीवित हुनुहुन्छ। उहाँले तपाईंको जीवनमा पनि आश्चर्यकर्म गर्न सक्नुहुन्छ। तपाईं आफ्नो जीवनमा ठूलो संकटबाट गुज्रिनुभएको छ भने हरेस नखानुहोस्। आश्चर्यकर्मको निम्ति विश्वास गर्नुहोस्। तपाईं सफल बन्नुहुनेछ। परमेश्वरले तपाईंलाई आशिष् देऊन्।

---

पश्चात्ताप गरेको पर्खिरहनुभएको छ। अन्त्यमा, उहाँले सहन सक्नेभन्दा धेरै तिनीहरू खसेको समय आयो।

इतिहासकार गिब्बनले लेख्छन्: "एफिससको पहिलो सामदान निभाइएको थियो। लोनिया र लिडियाका बर्बर्र शासकहरूले बाँकी रहेका ख्रीष्टियान विश्वासलाई कुल्चिएका थिए। केवल फिलाडेल्फियाको मण्डली अझै स्थिर भएर रहेको थियो।" तैपनि जब हामीले यी वचनहरू पढ्छौं, हामी डराउनुपर्दैन, येशूले यो तरिकामा हामीमा भएको उहाँको विनाशलाई अन्त्य गर्नुहुन्छ: "...जसले जित्छ, त्यसलाई परमेश्वरको स्वर्गलोकमा भएको जीवनको रूखबाट खान दिनेछु" (प्रकाश २:७)।

प्रिय सन्तहरू, येशू त्यो रूख हुनुहुन्छ! उहाँले हामीलाई भनिरहनुभएको छ, "तिमीले पश्चात्ताप गर्छौ भने म आफ्नो तर्फबाट निरन्तर तिमीलाई जीवन दिनेछु। अनि तिमीले मलाई निरन्तर प्रेम गरिरहेसम्म म तिमीमा अलौकिक जीवनको बहाव प्रदान गर्नेछु। यो जीवन तिम्रो न्याय, मानिसहरूका निम्ति तिम्रो प्रेम र मेरो राज्यमा तिम्रो असल कार्यहरूमा प्रकट गरिनेछ!" हरेक ख्रीष्टियानलाई अलग गर्ने गुण यही हो, जो येशूसँग साँचो प्रेममा छ। यस्ता विश्वासी जीवनले पूर्ण हुन्छन्– अनि उसको वरिपरि भएका हरेकले उसलाई चिन्छ!

तपाईंको ईश्वरीय शोक, तपाईंको पश्चात्तापी हृदय र येशूको निम्ति नवीकरण भएको तपाईंको प्रेमले तपाईंलाई जीवनतिर डोऱ्याउनेछ भनेर येशूले प्रतिज्ञा गर्नुहुन्छ। त्यसैले अहिले नै प्रार्थना गर्नुहोस्: "प्रभु, मलाई साँचो पश्चात्ताप गर्ने हृदय दिनुहोस्। जब तपाईंसँग म पहिलो प्रेममा हुँदा जस्तो थिएँ, मलाई त्यहीँ फर्काएर लैजानुहोस्। तापनि पिता यो समय मलाई तपाईंमा गहिराइमा लैजानुहोस्, जहाँ म पहिले कहिल्यै थिइनँ!" जसै तपाईंले पश्चात्ताप गर्नुहुन्छ, परमेश्वरको आत्माले ख्रीष्टको महिमाको नयाँ प्रकाश तपाईंमा उत्पन्न गर्न सुरु गर्नुभएको होस्। आमेन।

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/18-20 WPP NO. TN/PMG(CCR)/WPP-220/18-20

# बोलावटको प्रतिध्वनि

१६ वटा भाषामा मासिक पत्रिका, बाइबल कलेजहरू, पत्राचार कोर्सहरू, मण्डली स्थापना, गाउँ अङ्ग्रेजी हाइ स्कुल, सुसमाचारीय छापाखाना, क्रुसेडहरू, सेमिनारहरू, सामाजिक सेवाहरू, आदि ।

**वार्षिक ग्राहकः रु. १००/–**

**आजीवन ग्राहकः रु. २,०००/–**

**बोलावटको प्रतिध्वनि सेवकाइका** बहुसङ्ख्यक क्रियाकलापहरू तपाईंजस्तै परमेश्वरका छोराछोरीका स्वेच्छा भेटी र चन्दाहरूबाट सहायता गरिएको छ। प्रभुले तपाईंलाई अगुवाइ गर्न‘भएअनुसार तपाईंले **बोलावटको प्रतिध्वनि** र यसका क्रियाकलापहरूमा सहायता गर्न सक्नुहुन्छ। सुसमाचार नपुगेका मानिसहरूका बीचमा सुसमाचार पुर्‍याउन र मण्डलीहरू स्थापना गर्न हामीलाई तपाईंको सहायताको खाँचो छ।

तपाईंलाई **बोलावटको प्रतिध्वनि** पत्रिका नियमित रूपमा प्राप्त गर्न चाहनुहुन्छ भने कृपया हामीलाई पत्राचार गर्नुहोस् । जब तपाईंले आफ्नो हुलाक वा इमेल ठेगानाहरू परिवर्तन गर्नुहुन्छ, कृपया हामीलाई तपाईंको पुरानो र नयाँ ठेगानाको बारेमा जानकारी दिनुहोस् ।

**बोलावटको प्रतिध्वनि** हाम्रो वेबसाइटमा १६ वटा भाषाहरूमा पनि उपलब्ध छ। तपाईंले वेबसाइटमा गएर पढ्न साथै त्यसलाई डाउनलोड गरेर पढ्न सक्नुहुन्छ र आशिष् पाउन सक्नुहुन्छ ।

तपाईंका पत्रहरू, प्रार्थनाका आग्रहहरू र तपाईंका आर्थिक सहायताहरू (डी.डी., चेक, मनी अर्डर, आदि) तपाईंले तल दिइएको ठेगानामा **बोलावटको प्रतिध्वनिमा** पठाउन सक्नुहुन्छ ।

कृपया तपाईंको **ल्यान्ड लाइन फोन/मोवाइल नम्बरहरू र इमेल ठेगानाहरू** अपडेटको निम्ति पठाउनुहोस् ।

**बोलावटको प्रतिध्वनि**

10, MOHAMMED ABDULLAH 2nd STREET, CHEPAUK,
CHENNAI - 600 005, INDIA
फोन नं.: (+91-44) 2852 8282, 2852 9293, 2854 7766,
मोवाइलः (+91) 98410 71852, 90924 62566
इमेलः sam@echoofhiscall.org / biblecor@yahoo.co.in
वेबसाइटः www.echoofhiscall.org /
www.echoofhiscall.com
**तपाईंले आफ्नो चन्दा अनलाइन पनि पठाउन सक्नुहुन्छ।**

# AN URGENT GOOD NEWS!




Our Residential

**NEHEMIAH BIBLE COLLEGE!!**

re opens *from* 01-06-2021

One Year DIPLOMA COURSE!!!

Hindi & English Medium

@

Velachery, Chennai.

## EVENING BIBLE COLLEGES

(2 Centres - Tamil Medium)

1. **NEHEMIAH BIBLE COLLEGE,**
   ECHO OF HIS CALL, 10, Mohammed Abdullah 2nd Street, Bells Road, Chepauk, Chennai - 600 005, India.
2. **ST. PAUL'S COMPLEX,**
   8/18, Velachery Main Road, Santhoshapuram, Vijayanagaram Bus Stop, Medavakkam, Chennai - 600 100.

CONTACT IMMEDIATELY :

**Rev. ALEX SAMSON SAM, Director**

Cell : 98412 71858 / 98410 71858

e.mail : sam@echoofhiscall.org

The details of our Bank Accounts are given below. Please inform us the details of your remittance.

| Bank | Branch | Name | IFSC Code No. | Account Number |
|---|---|---|---|---|
| 1. STATE BANK OF INDIA | Triplicane, Chennai -5 | S. Sam Selva Raj | SBIN 0000249 | 102329 34679 |
| 2. ICICI BANK | Anna Salai, Chennai -2 | Echo of His Call | ICIC 0006038 | 6038 05022319 |

RNI NO. TNNEP/2000/2841
Postal Regn. No. TN/CH/(C)/194/18-20
WPP NO. TN/PMG(CCR) / WPP- 220/18-20
Date of Publication: Third week of every month
Date of Posting : 15th & 16th of every month
Posted at "Egmore RMS / 1 Patrika Channel"
on 16th MARCH 2021
If un-delivered please return to:
ECHO OF HIS CALL (NEPALI)
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

***JESUS LOVES YOU!***

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from No.10, Mohammed Abdullah Street, Chepauk, Chennai-600 005 and printed by him at **Echo of His Call Printers** No. 10, Mohammed Abdullah Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**